# तामाङभाषाको लेखनप्रणाली बारे खोज र चर्चा

अजितमान तामाङ
(नेपालभाषा केन्द्रीय विभागका विद्यावारिधिका विद्यार्थी)
E-mail: ajit.777725@cdnb.tu.edu.np

**Submission:** 25/02/2023 **Revision:** 21/04/2023 **Acceptance:** 10/05/2023

**लेखसार**

तामाङभाषा नेपालमा बोलिने पाँऔं ठूलो जनसङ्ख्याले बोल्ने भाषा हो । तामाङ समुदायमा बौद्धधर्मको ग्रन्थहरू प्रचलनमा आएको समय देखि तामाङभाषाको लेखन प्रारम्भ भएको सङ्केत प्राप्त भएको छ । तामाङभाषामा लेखिएको पुरानो ग्रन्थहरूमा जीक्तेन ज तामछ्योओी, ताम्बाकाओीतेन जस्ता हस्तलिखित पुस्तकहरू हुन् । तामाङभाषाको पुरानो लेखनशास्त्रीय बौद्ध धार्मिक लिपि अुछेन तामयीगमा लेखिएको पाइन्छ त्यसपछि अङ्ग्रेजी भाषाको रोमन लिपिमा र नेपालमा देवनागरी लिपिमा तामाङभाषाको लेखन कार्य भइरहेको देखिन्छ । सबैभन्दा पुरानो तामाङ लेखन जिग्तेन तामछ्योओी ल्हाछ्योओीम्हीछ्योओी जगतका वृतान्त, देव तथा मानव नीति साथै तामाङ जातिको उद्गम बारेमा ह्वओीछेन च्योब्गो “महान १८ तामाङ थरूहरू”को वर्णन गरेको छन् । यस ग्रन्थमा नेपालका अंशुवर्मा र नरेन्द्रदेव र भारतका हर्षबर्द्धन राजाको परलोक भइ सकेको उल्लेख गरेका छन् । नुवाकोट जिल्लाबाट प्राप्त अर्को एक पुस्तक ग्याल्पो पेच्या सुग्स्सो “राजाको वृतान्त पुस्तक” को पुस्पिकावाक्यमा तिब्बती सम्बत् ११२० को दशौं महिनामा पुस्तक लेखिएका पेच्या हस्तलिखित पुस्तकमा उल्लेख गरिएको कालको विश्लेषणले एकहजार वर्ष अघिको तामाङलेखन भएको जानकारी प्राप्त भएको छ । यो हस्तलिखित पुस्तक अुछेन र ख्युग्यीग लिपिमा लेखिएका छन् । लेखनप्रणालीका दृष्टिले यो लेखनका दुई भेदहरू तामयीग र तामाङ सम्बोटा लेखनप्रणाली प्रयोग भएको देखिन्छ । पुरानो तामाङभाषाको लेखनका हस्तलिखित ग्रन्थहरूबाट लिप्यन्तर गरी देवनागरी लिपिको प्रयोग गरी नव तामाङलेखनको थालनी गरिएको देखिन्छ । यस्तो लेखनमा दुई लेखन भेदहरू देखिएका छन् । तामाङलेखनका यी भेदहरू किन र कसरी आए ? लेखनमा किन एकरूपता हुनु सकेन ? भन्ने विषयमा अनुसन्धान नभएको हुनाले सो विषयमा यो खोज केन्द्रित रहेको छ । तामाङभाषाको लेखनका विषयमा भाषावैज्ञानिक सिद्धान्तका विधिहरू ध्वनि विज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्य विज्ञान, अर्थ विज्ञानका साथै लेखिम विज्ञानका ग्राफोलिङगुइस्टिकका सिद्धान्तहरूको उपयोग गरी अध्ययन विश्लेषण गरी साझा मानक लेखनप्रणालीको खोजी तथा तामाङभाषाको लेखनका वस्तुस्थिति बारेमा यहाँ चर्चा गरिएको छ ।

*शब्दकुञ्जी :* गुरूकुलीय लेखन, मानक लेखन, तामयीग लेखनप्रणाली र लिपि, देवनागरी लिपि, रोमन लिपि, ग्राफोलिङगुइस्टिक, लेखिमविज्ञान ।

## १. विषयपरिचय

तामाङ समुदायको मातृभाषा तामाङभाषा हो। नेपालमा बोलिने भाषाहरू मध्ये पाँचौं ठूलो भाषा हो । तामाङभाषी जनसङ्ख्या नेपालको कूल जनसङ्ख्यामा १३५३,३११ अर्थात् ५.११ प्रतिशत रहेको छ। सेन्ट्रल व्युरो अफ स्टाटिस्टिक्स, २०१३) । भाषा आयोगको प्रतिवेदनअनुसार तामाङभाषा बोल्ने जनसङ्ख्या प्रदेशगत रूपमा हेर्दा बाग्मती प्रदेशमा नेपालीपछि दोस्रो ठूलो जनसङ्ख्या (१०१२,८६२) को मातृभाषा रहेका छ । कोशी प्रदेशमा १७७,६१३ जनसङ्ख्याले बोल्ने पाँचौं ठूलोभाषा, मधेश प्रदेशमा १०४,९८४ जुनसङ्ख्याले बोल्ने सातौं ठूलोभाषा, यसरी नै गण्डकी प्रदेशमा ३६०६९ (सातौं), कर्णाली प्रदेशमा ११,३२३ (तेस्रो स्थान), सुदूरपश्चिम प्रदेशमा ७,९३६ (एघारौं स्थान) र लुम्बिनी प्रदेशमा २,४७४ (पन्ध्रौ स्थान) तामाङभाषी जनसङ्ख्याको रहेको छ । भाषा आयोगको

प्रतिवेदनमा बाग्मती प्रदेशमा २३,१२०, कोशी प्रदेशमा ७,९२४, मधेश प्रदेशमा ३,३३९, गण्डकी प्रदेशमा २,०८८, कर्णाली प्रदेशमा २१२, लुम्बिनी प्रदेशमा १७७ र सुदूरपश्चिम प्रदेशमा १०० गरी कूल ३६,९६० जनसङ्ख्याले तामाङभाषा दोस्रोभाषाको रूपमा प्रयोग गरिरहेको तथ्याङ्क छ । बाग्मती प्रदेशका सबै जिल्लाहरूमा तामाङभाषी जनसङ्ख्याको जनघनत्व बढिरहेको छ "भाषा आयोगको वार्षिक प्रतिवेदन (पाचौं),"(२०२१, १०८-११३) ।

तामाङभाषाका सम्बन्धमा स्वयम् तामाङभाषीले तामाङग्योत, *तामाङग्योओी, तामाङ ताम, तामाङ खाताम, तामाङ खाछ्योओी, तामाङ लेङमो* आदि नाम प्रयोग गरेको पाइन्छ । शोधकर्ताहरूले *मुर्मी, ओीसाङ, सँयु, भोटे, कागते योल्माली, लामाभोटिया* आदि नामले तामाङभाषा बोल्ने समुदायलाई बुझाउने शब्द प्रयोग गरेका छन् । तामाङभाषा नेपालबाहिर भारतका सिक्किम, पश्चिम बङ्गाल लगायत अन्य उत्तरपूर्वी असम लगायत राज्यहरूमा बोल्दछन् । तामाङभाषा पुरानो लेखनपरम्परा भएको भाषा हो । तामाङ लिखित सामग्री पुरानो पेच्यारथ्यासफूमा इतिहास, वंशावली, तामाङ संस्कृतिका नियम, संसार उत्पत्तिको तामाङ दृष्टिकोण, तामाङ बौद्ध धार्मिक ग्रन्थहरू पाइन्छ । पुरानो तामाङ लेखणमा उछेन लिपि प्रयोग गरी *ताम्बाला ताम, जीक्तेन तामछ्योओी, लोन्पो ङुककी तामछ्योओी, दोङह्वाप, फाह्वाप* आदि ऐतिहासिक र सांस्कृतिक विषयका *पेच्या* (पुस्तकहरू) मुख्य छन् (तामाङ र अन्य २०११ र मुक्त सिंह तामाङ, २००५) । तामाङभाषिक क्षेत्रमा *उछेन, उमे, लेन्ज्या, ख्युगयीग, तामयीग, सम्बोता* र समकालीन नयाँ लेखनमा *देवनागरी* लिपिको प्रयोग गरिदैं आएको देखिन्छ (आजितमान तामाङ, २०२२) ।

तामाङभाषाको राजकीय लेखन तामयीग लेखनप्रणाली प्रयोग गरी नेपाल सरकारको स्वामित्वमा रहेको गोरखापत्र राष्ट्रिय दैनिकमा *समावेसीकरणको फड्को तामाङभाषा पृष्ठ* साझा सम्बत् २००७ देखि प्रकाशन भइरहेको छ। नेपाल बाहिर भारतको सिक्किम राज्य सरकारको स्वामित्वमा रहेको *सिक्किम हेराल्ड* पाक्षिक पत्रिका साझा सम्बत् २००२ देखि प्रकाशित भइरहेको छ। सिक्किम राज्यसभामा तामाङभाषाको अनुवादकसहित प्रदेशसभा संसदमा हुने संसदीय गतिविधिको तामाङभाषामा लिखित जानकारी लिन पाउने व्यवस्था गरेको छ। तामाङभाषामा सिक्किमका सरकारी विद्यालय शिक्षा कक्षा एकदेखि दशसम्म पठन(पाठन भइरहेको छ (तामाङ र अन्य, २०११ र सिक्किम राज्यसभाका अनुवादिका सुमित्रा दोङसँग २०२३ फेब्रूरी ११ मा गाङतोकमा भएको व्यक्तिगत सम्वाद) ।

तामाङभाषाको पुरानो लेखन तामाङ बौद्ध धार्मिक ग्रन्थ लिपिबद्ध अुछेन लिपिमा लेखिएको पाइन्छ । उदारणका लागि जीक्तेन तामछ्योओी ग्रन्थलाई लि सकिन्छ यो तामाङ समुदायमा लोकप्रिय *पेच्या र थ्यासफू* पुस्तक मध्ये एक हो । यो पुस्तक नेपाली पहाडे कागजमा लेखिएको हस्तलिखित ग्रन्थ हो । यसको पाठहरूमा पृथ्वी, पानी, वायु, माटो र मानव सृष्ठीका तामाङ दृष्टिकोण, विभिन्न तामाङ थरका उत्पत्ति, उद्गम इतिहास, *फोल्हा* 'पितृदेव' कूलदेवता आदिको विवरण, *म्हीठीम* 'मानव र समाजिक नीति वा संहिता', छ्योओीठीम 'धार्मिक संहिता' र तामाङ समुदायको इतिहस विषयका विविध पक्षहरूको समेटिएको पाइन्छ'। यो तामाङ लेखन तथा अभिलेखन कार्य तामाङबौद्ध धार्मिक ग्रन्थहरूको लेखन, अध्ययन तथा अध्यापनबाट प्रेरित देखिन्छ । तामाङ लेखनको यो काल नेपालको राजा *अंशुवर्मा,* तिब्बतको राजा *स्रोङचाङ गाम्पो* र भारतको राजा आदिको परलोकपछि लेखिएको ज्ञात हुन्छ (तामाङ, २००५) ।

पुरानो तथा प्रारम्भको तामाङ लेखन शैली र वर्णविन्यास प्रणाली तामाङ बौद्ध (धार्मिक ग्रन्थ लेखिएका तिब्बतीकृत संस्कृतभाषाको परम्परागत गुरूकुलीय शास्त्रीय लेखनप्रणाली निकट देखिन्छ । यो गुरूकुलीय लेखन विधि पाणिनीय अष्टाध्यायी संस्कृत व्याकरणको दुई प्रकरणहरू त्रिंशद् *साल्ज्ये सोमच्युपा* शिक्षापद प्रथम प्रकरण अर्थात् वर्णविज्ञानका विषय र अर्को छैठौं प्रकरणका लिङ्गवतार वा लिङ्गानुशासन तिब्बतीमा *ताज्युक्पा*मा आधारित छ। यो लेखनप्रणालीको प्रयोग गरी संस्कृतभाषामा भएको बौद्ध धर्मका प्रायः ग्रन्थहरू अनुवाद भएका छन् । भोट देशको बौद्ध साहित्यिक अपार भण्डार यसै लेखनप्रणाली आधारित छ (लाहुली, १९६३) । यो लेखनप्रणाली तिब्बती

गरूकुलीय लेखनप्रणाली हो । यही गुरूकुलीय शास्त्रीय लेखन विधिको सुत्रबद्ध लेखनप्रणाली वा नियमलाई *दायिग* 'वर्णविन्यास' भनिन्छ । यही *दायिग* कै आधारमा *अुछेन, उमे, लेन्ज्या, ख्युगयीग, स्याङस्युङयीग, फागयीग, होरयीग* ' लगायत पचास बढि लिपिहरूमा तिब्बतमा लेख्दै आएको पाइन्छ (तामाङ, २०२१) ।

आधुनिक लेखनमा अनुसन्धानका सिलसिलामा तामाङभाषाको पाठहरूको सङ्कलन तथा अभिलेखनको कार्य अंग्रेजहरूले रोमन लिपिमा थालनी गरेको देखिन्छ । भारतमा अङ्गजहरूको शासन कालमा ब्राइन हडसन (१८४७) ले तामाङ लगायत हिमालय क्षेत्रका भाषाहरूको शब्द सङ्ग्रहको सन्दर्भमा रोमन लिपिको प्रयोग गरी तामाङभाषाको अभिलेखन गरिएको पाइन्छ, यसैगरी जर्ज ए. ग्रिएर्सन (१९०९) ले भारतीय भाषाहरूको सर्वेक्षण अध्ययन गर्दा तामाङभाषाको पाठहरू रोमन लिपिमा लेखन, सङ्कलन तथा व्याकरणीय विश्लेषण गरेका छन् । आजभोलि तामाङभाषाका अन्वेषक स्वदेशी तथा विदेशी सबैले रोमन तथा अन्तराष्ट्रिय ध्वनितात्विक लिपि (आइपिए) को प्रयोग गर्ने गरेको पाइन्छ ।

देवनागरी लिपिमा तामाङभाषाका प्राचीन ग्रन्थहरूबाट लिप्यान्तर र खस-नेपालीभाषामा भाषान्तर गरिएको पाइन्छ । देवनागरीमा लिप्यन्तर भएका बुद्धिमान मोक्तान (१९५६)को *जीक्तेन तामछ्योओी* र सन्तबीर पाखीन (१९५७) को *ताम्बाकाओीतेन क्हाओी रीमठीम, ह्रामा* नामको पुस्तक भारतको दार्जीलिङबाट प्रकाशन भएका हुन् । यी पुस्तकहरूलाई योन्जन (२०११)ले अग्रणी तामाङ कृति मानेका छन् तसर्थ देवनागरी लिपिमा तामाङभाषाको लेखन प्रारम्भ लिप्यन्तरणसँगै खस-नेपालीभाषामा भाषान्तरण (अनुवाद) गर्ने कार्यबाट प्रारम्भ भएको देखिन्छ । देवनागरी लिपिसँगै *तामयीग* लिपिमा तामयीग लेखनप्रणालीको प्रयोगगरी नेपालमा तामाङभाषाको राजकीय लेखन प्रकाशन नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित 'पर्यायवाची शब्दकोश' (१९७०) र 'प्रज्ञा तामाङ व्याकरण' (१९९७) देवनागरी लिपिमा र 'प्रज्ञा-तामाङ-नेपलाी-अङ्ग्रेजी शब्दकोश' (२०१७) मौलिक तामाङ लिपि *तामयीग* लेखन-प्रणालीको प्रयोग गरी प्राज्ञिक निकायबाट संस्थागत तामाङङाषाको लेखन कार्यहरू भएका छन् ।

तामाङकृत देवनागरी तामयीग छुट्टो मानक लेखनको विकास गरी तामाङ समुदायको राष्ट्रिय संस्था नेपाल तामाङ घेदुङले विद्यालय तहका लागि पाठ्यपुस्तक तथा अनौपचारिक शिक्षाका पाठ्यपुस्तक *होओीस्हेर गीक्छा* र डीक्छा लगायत पुस्तकहरू प्रकाशित गरी अभ्यास गरेका छन् । भारतको सिक्किम, पश्चिमबंगाल तथा असम राज्यबाट तामाङभाषाका पत्रिकाहरू देवनागरी तामयीग लेखनप्रणालीको प्रयोग गरी प्रकाशित भएका छन् ।

तामाङभाषाको लेखन विकास विभिन्न चरणमा भइआएको देखिन्छ । प्राचीन तामाङ ग्रन्थहरूको देवनागरी लिपिमा लिप्यन्तर गरी खस-नेपाली र समकालीन तामाङभाषामा भएका अनुवाद गरी तामाङ लेखन कार्य खस-नेपालीभाषाको संज्ञानले (पूर्वज्ञान)ले गर्दा नेपाली वर्णविन्यासको बाक्लै प्रभाव देखिन्छ । लिप्यान्तर प्रक्रियाबाट साभ्रा सम्बत् १९५६ देखि सुरू भएको यो तामाङ लेखन साभ्रा सम्बत् १९९० को दशकपछि थप द्रुत विकाससँगै आजका दिनसम्म निरन्तर चलिरहेको छ ।

देवनागरी लिपिमा तामाङभाषाको लेखन, नेपाल तामाङ ग्हेदुङ (१९९६) ले होओीस्हेर गीक्छा र डीक्छा अनौपचारिक शिक्षाका पाठ्यपुस्तकहरूमा प्रयोग गरी तामाङकृत देवनागरी लिपिकोा लेखन-प्रणाली विकास गरेको देखिन्छ (अजितमान तामाङ, राजेन्द्र ठोकर र सिजर तामाङ (२०११) ले *तामयीग* लिपिमा तामाङभाषाको मानकलेखन प्रणलीको बारेमा पुस्तक प्रकाशनमा ल्याएका छन् । लेखक-त्रयले तामाङ लेखन-प्रणालीको थप विकास तथा भाषावैज्ञानिक अध्ययन गरेका छन् । उनीहरूले प्राचीन तामाङ लेखाइमा प्रयोग हुने अुछेन लिपि र आधुनिक तामाङ लेखाईमा प्रयोग भइराखेका तामाङकृत देवनागरी लिपिलाई तामाङभाषा मैत्री लेखन-प्रणालीको निर्माण गरेका छन् । तामाङभाषाको भाषावैज्ञानिक विधि र प्रकृयाबाट पूनः वर्णनिर्धारण गरी सोही वर्ण व्यवस्थाअनुसार तामाङ लेखन-प्रणलीको विकसित रूप *तामयीग* तामाङ लेखनप्रणाली प्रस्तुत गरेका छन् । उनीहरूले पुरानो तामाङ लेखनका आधारमा अुछेन लिपि र लिप्यन्तरको प्रकृयाबाट तामाङ लेखनमा देवनागरी *तामयीग* लेखन दुवैमा

तामाङभाषाको भाषावैज्ञानिक ध्वनितात्विक विधि, वर्णविज्ञान, रूप-विज्ञान, वाक्य-विज्ञान, अर्थ-विज्ञान आदि सिद्धान्तका आधारमा *तामयीग तामाङ लेखनप्रणाली*को वर्णन गरेका छन् ।

बौद्ध गुरूकुलीय लेखनप्रणाली संस्कृतभाषाबाट विकास गरिएको हुनाले सो तिब्बतीकृत संस्कृत लेखनप्रणालीका आधारमा तामाङ (२०१६)ले गुरूकुलीय लेखनप्रणालीका आधार गुरूकुलीय विद्यालयस्तरको पाठ्यपुस्तक तामाङ सम्बोटा लोपदेव प्रकाशन गरी प्रयोगमा ल्याएका छन् । यस लेखनप्रणालीले भाषावैज्ञानिक सिद्धान्त र विधि अबलम्बन गरेको देखिएन । *सम्बोटा* ले र *तामयीग* लेखनप्रणालीमा लिपि एउटै भएतापनि वर्ण निर्धारण, लेखनका वर्णविन्यास सिद्धन्तमा स्पष्ट भिन्नता रहेको छ ।

नेपाल तामाङ ग्हेदुङ (१९९६) ले तामाङकृत गरी अनौपचारिक शिक्षा तथा विद्यालय तहका पाठ्यपुस्तकमा प्रयोगमा ल्याएको देवनागरी तामयीग लेखनप्रणाली र तामाङ डाजाङ संस्थाले प्रयोगमा ल्याएको तामाङ भाषा लेखन मानकीकरण (२०११) मा प्रस्तुत वर्णविन्यास (लेखन-प्रणाली)का विधिमा भिन्नता छ । नेपाल तामाङ ग्हेदुङ (१९९६) को देवनागरी *तामयीग* लेखन-प्रणालीका विधिहरू प्राचीन तामाङ लेखनको अुछेन लिपिको लेखनका जस्तै वर्णविन्यासका मुल विधिहरूलाई फरक लिपिमा पनि प्रयोग गरिएको देखिन्छ ।

आधारभूत रूपमा प्राचीन लेखनप्रणालीको ीकार (ा) आकार, ( ु ) अुकार, ( ी )ीकार, ( े ) ेकार र ( ो) ोकार तथा वर्णविन्यासका लेखन विधिलाई आदर्श मानेका छन् । देनागरीमा ीकार ( ी) दीर्घ र ( ु) अुकार लेख्दा ह्रस्व लेख्ने तथा स्वर वर्णलाई लेख्दा (आ) आकार, (ी) इकार, (अु) अुकार, (े) ेकार, (ो) ोकार आदि लेख्ने लेखन-प्रणाली अपनाएका छन् । तामाङ डाजाङ नामक संस्थाले भने देवनागरी लिपिमा लेख्दा स्वर वर्ण आ, इ, उ, ए ( े ) र ( ो) लेख्ने, र ( ि ) इकार, र ( ू ) उकार लेख्ने ीकार सबै ह्रश्व र उकार सबै ( ू ) दिर्घ लेख्ने गरिएको देखिन्छ ।

तामाङभाषाको लेखन कार्यको निरन्तर विकाससँगै तामाङ समुदायको एकमात्र साझा सामाजिक संस्था नेपाल तामाङ ग्हेदुङ र सिक्किम तामाङ बौद्ध संघले गुरूकुलीय लेखनप्रणालीमा प्रयोग गरिँदै आएको *अुछेन* लिपिलाई आदर्श लिपि मान्दै यसको तामाङकृत गरी प्रयोगमा ल्याएका छन् । उनीहरूले भाषावैज्ञानिक सिद्धान्त र विधिका आधारमा वर्णनिर्धारण गरी सोही वर्ण व्यवस्थाअनुसार तामाङभाषाका लागि आवश्यक लिपि(चिन्हको मात्र तामाङभाषाको लेखनमा प्रयोग गर्दै छुट्टो तामाङकृत *तामयीग* लिपि र लेखनप्रणालीको विकास गरेका देखिन्छ ।

तामाङ *तामयीग* लेखनभन्दा फरक स्वरूप र प्रणालीमा तामाङ (२०१६) ले *तामाङ सम्बोटा* लेखन र तामाङ डाजाङ (२०११) को देवनागरीमा छुट्टो लेखनप्रणाली अपनाएकाले गर्दा तामाङभाषाको लेखनप्रणाली र वर्णविन्यासका विधिमा एकरूपता नभएको देखिन्छ । तामाङभाषाको लेखन परम्परा काल परिस्थिति र प्रविधिको विकास सँगसँगै हुँदै आएको देखिन्छ । लेखनप्रणाली भाषाविज्ञानसम्मत सिद्धान्त, विधि, पद्धति र प्रक्रियाको अवलम्वन, लिपिको छनोट, मानक लेखन निर्माणका विधि र प्रक्रिया अपनाएको देखिएन ।

तामाङ लेखनमा लिपि र लेखनप्रणाली विविधता सँगै प्रयोक्ताहरू माझ एकैखाले लिपिको प्रयोग गर्नेहरू माझ पनि फरक-फरक लेखनप्रणालीलाई अवलम्बन गर्नु तामाङ लेखनप्रणालीको एकरूपता वा एउटै वर्णविन्यासका विधि हुननसक्नु मुलसमस्या देखिन्छ । तामाङभाषाको भाषावैज्ञानिक वस्तुपरक अध्ययन, तामाङभाषाको लेखनप्रणालीमा थप विकास, लिपिको चयन र लेखनप्रणालीमा एकरूपता कायम गर्न सकिने आधारहरूको खोजी, भाषावैज्ञानिक तामाङ लेखनप्रणालीको विकास र प्रयोगका लागि थप अध्ययन र मानक लेखनप्रणालीको खोजी गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

**२. समस्याको बयान**

तामाङभाषाको लेखनमा लिपिको प्रयोग र चयन, लेखनप्रणालीको मानकीकरण आदिमा एकरूपता नभइ विविधता रहनु मूल समस्या रहेको छ । तामाङभाषाको लेखनप्रणाली वैज्ञानिक छ, छैन? भन्ने बारेमा विषयगत

लेखिम विज्ञानको दृष्टिकोणबाट अध्ययन, लेखनमा लिपिको प्रयोग र छनोटमा भाषावैज्ञानिक विधिहरूको आधारमा तामाङ लेखनप्रणालीका सम्बन्धमा छुट्टै अनुसन्धान भएको देखिएन ।

तामाङ लेखनमा किन र कसरी ? के ? कारणले साझा मानक लेखन र एउटै खालको लिपि प्रयोग गरी लेख्नेहरू बीचमा विविधता सृजना भयो । यस समस्या समाधान हुन नसक्नुले तामाङभाषाको साहित्य सृजना, लेखाइ-पढाइ विद्यालय, उच्च विद्यालय शिक्षासम्म समस्या उत्पन्न भएको देखियो । यही कारण तामाङ सृजनात्मक लेखन गतिविधि र विकासमा बाधा तथा निराशा उत्पन्न गराएको देखिन्छ ।

**३. अध्ययन विधि**

तामाङभाषाको लेखन विकासका विषय समेट्ने द्वितीयक स्रोत सामग्रीहरू पुस्तकालय, प्रकाशन गृह, पुस्तक बिक्रि भण्डार आदि स्थानबाट सूचीपत्रहरू प्राप्त गरी गुणात्मक अनुसन्धान विधिशास्त्रले निर्देशित गरेका पद्धति र प्रकृयाअनुसार सर्वेक्षण विधिबाट विषयगत उपयोगि सामग्रीहरू मात्र सङ्कलन गरिएको छ । सामग्री सङ्कलन स्थलगत भ्रमण, इन्टरनेट गुगल(खोजी, विषयसम्बद्ध विज्ञ प्राध्यापक आदिसँगको परामर्श र समन्वयबाट सामग्रीहरू प्राप्त गरेको छु ।

यो कार्य पूरा गर्न पुस्तकालय, इन्टरनेट प्रविधि प्रयोग गरी नेट्नोग्राफि विधिबाट वेबसाइटमा राखिएको विद्युतीय (संस्करणका पुस्तक, प्रतिवेदन, शोध, जर्नलका लेख आदि सूचना मूलक अभिलेखहरू प्राप्त गरेको छु । हारालाम्बोस (२०२०) को भनाइअनुसार भाषा लेखनप्रणाली विषयका भाषाविज्ञानका नवीन विधा वा अनुशासन ग्राफोलिङगुस्टिक 'लेखिम विज्ञान' हो । यसले भाषाका लेखन विषय केन्द्रित भइ समग्र पक्षको सैद्धान्तिक अध्ययन गर्दछ । यसको मुल आधारभूत सिद्धान्त भाषाविज्ञानको क्षेत्र ध्वनि विज्ञान, वर्ण विज्ञान, रूप विज्ञान, वाक्य विज्ञान, अर्थ विज्ञान आदि क्षेत्रका साथै भाषाको कालक्रमिक विकासक्रमको अध्ययन र विवेचना गर्दछ (हारालाम्बोस, २०२०) । लेखिम विज्ञानसँगै यो शोधका क्रममा प्राप्त स्रोत सामग्रीको विवेचना तथा विषयवस्तुलाई स्पष्टपार्न प्राज्ञिकलेखनको खोजपूर्ण प्रस्तुति र तर्कपूर्ण संश्लेषण विधिलाई आधार मानिएको छ ।

**४. तामाङ लेखन विकास**

तामाङभाषा लेखनको प्राचीनकाल आठौं शताब्दीको प्रारम्भमा सुरू भएको देखिन्छ । प्राप्त लिखित ग्रन्थहरूका आधारमा यो लेखनको निरन्तरता एघारौं शताब्दीदेखि आजसम्म भइराखेको पाइन्छ । यहाँ तामाङ लेखनको प्रयोग चरणबद्ध विकास र लेखनप्रणालीको बारेमा चर्चा गरिएको छ । तामाङ लेखनको प्राचीन कालदेखि आजसम्मका विविध पक्षहरूको वस्तुस्थितिलाई विषयगत ढाँचामा अध्ययन गरी प्रस्तुत गरिएको छ । तामाङ लेखनप्रणालीको विकासका चरणगत विकासलाई प्राचीनकाल, आधुनिक काल र मानक विकास काल आदि तीन विषयगत ढाँचामा वर्गीकरण गरी विषयवस्तुको विश्लेषण तथा विवेचना निम्नानुसार गरिएको छ ।

**(क) प्राचीन तामाङ लेखन**

सबैभन्दा पुरानो तामाङभाषाका लेखाइ अंशुवर्मा, स्राङचाङगाम्पोको समयको भएको दाबी गरिएको छ ( तामाङ, २००५) । यो लेखन मुलत तामाङ बौद्ध धर्मका ग्रन्थहरू लेखिएको अुछेन लिपिको प्रयोग गरी शास्त्रीय तिब्बतीकृत संस्कृतव्याकरण निर्देशित लेखनप्रणालीमा आधारित छ । यो प्रारम्भिक चरणको लेखनका मुल सैद्धान्तिक विधि, प्रवृत्ति, तिब्बतीकृत संस्कृत व्याकरण पाणीनीय अष्टाध्यायीका प्रथम र छैठौं प्रकरण दुई अध्यायका व्याकरणिक प्रणालीमा आधारित छ (लाहुली, १९६३) । यस विषयमा लेखक के. अंगरूप लाहुलीले *संभोट व्याकरण* नामक पुस्तकमा उल्लेख गरे अनुसार *सुम्च्युपा* 'त्रिशंद' संस्कृतव्याकरणका शिक्षापदको मूलभूत वेदोत्तिको हेतु, संज्ञापद वाक्यहरू, मूल वर्णव्यवस्था (४ स्वर वर्ण र ३० व्यञ्जन वर्ण) को रहेको छ भने *ताज्युक्पा* 'लिङ्गवतार' आधारभूत सैद्धान्तिक व्याकरणिक सिद्धान्त अनुसार व्यन्जन वर्णहरूको लिङ्ग निर्धारण गरिएको खेखिन्छ । जस्तै व्यञ्जन वर्णः क, च्य, त, प, लाई पुलिङ्ग (पुरूष) वर्गमा, व्यञ्जन वर्णहरू ख, छ्य, थ, फ लाई नपुसक, लिङ्ग विहिन वर्गमा र व्यञ्जन वर्णहरू ग, ज, द, ड, ब लाई स्त्रीलिङ्ग (महिला) वर्गमा र व्यञ्जन वर्णः ञ, ङ, न, म

लाई अति-स्त्री वर्गमा वर्गिकृत गरेको देखिन्छ । व्यञ्जन वर्णहरूको लेखन प्रयोग र पदस्थानलाई यस व्याकरणमा *ङोज्युक* 'पूर्वाक्षर', *जेन्जुक* 'पराक्षर', *सा-गो, ला-गो, रा-गो* 'शिराक्षर' *या-ता* 'य-संयुक्त व्यञ्जन', *रा-ता* 'र-संयुक्त व्यञ्जन' लेखनका वर्णविन्यास नियम प्रस्तुत गरेका छन् । यसरी व्यञ्जन वर्णहरूर्ला प्रत्यय लेखनका स्थान अगाडी, पछाडी, शिरमा, खुट्टामा, पुच्छरमा फुँदा सर्ग वा परसर्ग जोडेर लेख्ने विधि दिएका छन् । यी प्रत्येक लेखाइबाट सृजना हुने पद, वाक्यको हिज्जे विधि छुट्टा-छुट्टै *याङदाङ* 'उच्चरण विधि' हुन्छ र सोहीअनुसार फरक-फरक अर्थ दिने हुन्छ (लाहुली, १९६३, १३३ १६४) ।

यो लेखनप्रणालीमा वाक्य रचना र संयुक्त वर्णहरू लेख्दा संस्कृतमा झै एकैलहरमा शब्द र वाक्यंशहरू नछुटि जोडेर वाक्य लेखिन्छ । प्राचीन तामाङ लेखनका प्रणाली तथा लेखन प्रवृत्तिमा यही तिब्बतीकृत संस्कृतभाषाको लेखनप्रणालीको संज्ञानात्मक आधारमा लेखिन्छ । यही लेखनप्रणालीमा तामाङ प्राचीन *पेच्या* पुस्तकहरू मध्ये हालसम्म प्राप्त सवैभन्दा पुरानो ग्रन्थ *जीक्तेन तामछ्योओीम्हीछ्योओील्हाछ्योओी स्हुग्सो,* "विश्व रचना मानवनीति देवनीति" लेखिएको छ । यो प्राचीन तामाङभाषाको हस्तलिखित ग्रन्थको मुक्तसिंह तामाङ ( २००५) द्वारा सम्पादन गरिएको र लिप्यन्तर तथा भाषान्तर गरी *जीक्तेन तामछ्योओी* पुस्तक प्रकाशनमा ल्याएका छन् । ग्रन्थको प्राचीनताको मुलआधार ग्रन्थको पाठमा उल्लेख गरिएको तत्कालीन नेपालका राजा अंशुवर्मा र तिब्बतका राजा स्रोङचान गाम्पो आदि लाई 'नमस्कार'सम्वोधन गरिएको र उनीहरूको निधन भइसकेको भनि उल्लेख गरीएको छ । यसैको आधारमा मुक्तसिंह तामाङ (२००५) ले यो ग्रन्थ अंशुवर्मा लगायतको राजाहरूको निधन पछिको हो भनि दावी गरिको छन् । ग्रन्थमा उल्लेखित कालको जनाउ दिने देवनागरी लिपिमा लिप्यन्तरित तथा भाषान्तरित अंशलाई यहाँ प्रस्तुत गरिएको छ-

*बोओीला ग्याल्बो स्रोङचान गाम्पो ।*
*याम्बुला ग्याल्पो होओीसेर गोछ्ा राङबादुगु यीन्ना ।*
*थेनीदुगु (तोर मु ) गुङरी स्येसाओी ।*
*दान्दे याङला ग्ले ग्याल्बोदुगुदा फ्याफुल्जी स्युजी ॥*

**अनुवाद**

भोटका राजा स्रोङचान गाम्बो ।
काठमाडौंका राजा अंशुवर्मा आदि हुन ।
तीनीहरू स्वर्गवास भइ सके तापनि ।
अहिले हाम्रा राजाहरूलाई निहुरेर बिन्ती गर्दछु

**अर्को पङ्तिमा**

*ग्याकरला लोन्पो टीनजीन ।*
*बोओीला लोन्पो गार चनपुङ ।*
*याम्बुला लोन्पो नरेन्द्रदेवदुगु यीन्ना ।*
*थेनीदुगु (तोर मु ) गुङरी स्येसाओी ।*
*दान्दे याङला ग्ले ग्याल्बोदुगुदा फ्याफुल्जी स्युजी ॥*

**अनुवाद**

भारतको मन्त्री मेघधर ।
भोटको मन्त्री गार चनपुङ ।
काठमाडौंका मन्त्री नरेन्द्र देवहरू हुन् (तामाङ, २००५, ७८) ।

माथिको तामाङभाषामा लेखिएको सूचनालाई आधारमान्दा तामाङभाषाको प्रारम्भिक लेखन कमसेकम आठौं शताब्दी ताकाको ज्ञात हुन आउँछ । तामाङ समुदायमा *जीक्तेन तामछ्याओी* नामको यस प्रकारका ग्रन्थहरू

प्राप्त छन् भने समुदायमा सर्वाधिक लोकप्रिय ग्रन्थ हो । यस्तो पुरानो तामाङ लेखनका पाठहरूमा विश्व रचना, मानव उत्पत्ति, मानव धर्मनियम अर्थात् समाजिक रीतिरिवाज, परम्परा रीतिथीतिहरू र तामाङ थरहरूको उत्पत्ति, कूलदेवता, बसाइसराई आदिको स्थान तथा वंशावलीसमेतका विविध विषयका अलगअलग *लोर्ग्यु* वृतान्तहरू रहेका हुन्छन् ।

तामाङ (२००५, ९६) पुस्तकमा तामाङ जातिको उद्‌गम इतिहासका बारेमा उल्लेखित एक प्रसङ्ग–

*दोङ ब्हाब्बा ग्ला दोङ ग्यालसाला मुर्कुरी बाप्जी ।*
*दोङला फोला मुरकु तेन मुला ।*
*होतासी तीतुङ थेन, बल थेन, गाङतान, गोले, थेन गोङबा थेन*
*गोमथान थेन ग्यामतान थेन डाङथान थेन चु यार नोन*
*फाछेन दोङला केवा ग्याम फेपा यीन्ना बीसी स्युजी ।*
*दोङला फोला ग्याल्बो थेन ल्हायी बु खोर्से मामो थेन*
*अपीनल ज्योरमा ला तेन ।*

**अनुवाद**

दोङ कुलको उत्पत्ति स्थल दोङ राजस्थान मर्कुमा भयो ।
दोङको कुलदेव मार्कु मान्दो रहेछ ।
त्यसपछि तीतुङ र बल, गाङथान, गोले र गोङबो, गोमथान,
र ग्यामथान, गाङथान (ग्रांथान) यी सबै थरहरूको महापूर्खा दोङ हो भनि निवेदन गर्दछु ।
दोङका कुलदेवता ग्याल्बो (राजा) र देवपुत्र सहचारी परिवारका मातृका गण
अपि योगिनी देवता मान्ने गर्दछन् ।

यसरी तामाङ जातिको दोङ लगायत महान अठ्ठार जात (थर) को उदगम स्थान, पितृवंश र कुल देवता, ईष्टदेव आदिका बारेमा *जीक्तेन तामछ्योओी*मा वर्णन गरिएको छ । यो ग्रन्थहरूको लेखनप्रणाली तिब्बतीकृत संस्कृत गुरूलीय लेखनप्रणालीमा आधारित छ । यसमा लेखिएको मुलभाषा र विषयवस्तु भने तामाङ जातिसँग सम्वधित छ ।

यसखाले ग्रन्थहरू नेपालका तामाङ गाउँमै बनेको हाते कागजमा हस्तलिखित र *पेच्या/थ्यासफू* शैलीको पुरानो पुस्तकारमा पाइएको छ । यस्ता पुस्तकारमा रहेका पुस्तकहरूमा *जीक्तेन तामछ्योओी, कुक्पा खाछ्योओी, ताम्बाला ताम, ग्याल्पोओी पेच्या, ताम्बा काओीतेन, ह्रामा, व्हाओी, रीमठीम* आदि प्रमुख हुन् । तामाङभाषाको प्राचीन लेखनका अध्ययन खोजीका क्रममा तामाङ जातिको इतिहास, थर, वंश, कुल कुलायनको पुजा विधि सङ्ग्रीहित *ग्याल्पोओी पेच्यास्युग्सो* 'राजकिय पुस्तक' शीर्षक रहेको ग्रन्थ हालै प्राप्त भएको छ । सो हस्तलिखित ग्रन्थको ( छवि पुस्तक) पुस्पिका वाक्यमा लेखकको नाम र लेखनको मिति उल्लेख छ । सो ग्रन्थको लेखन मिति तिब्बती राजकीय सम्बत् र चिनिया तत्वीय सम्बत् प्रणालीअनुसार उल्लेख गरिएको छ (हेर्नुहास् अनुसूचि-१) । ग्रन्थमा उल्लेख भएको मितिले यो ग्रन्थ १०२९ वर्ष अघि लेखिएको ज्ञात हुन्छ । यो तामाङ हस्तलिखित ग्रन्थको मुलपाठ छुट्‌टो मौलिक *ख्युगयीग* शैलीको लिपिमा लेखिएको छ । पुस्तकको शीर्षक र पुष्पिका वाक्य *अुछेन* शास्त्रीय तामाङ बौद्ध धार्मिक लिपिमा तामाङभाषामा लेखिएका छन् ।

लेखनप्रणालीका दृष्टिले यस *पेच्या* पुस्तक भित्र २० वटा छुट्‌टो ग्रन्थहरू सङग्रीहित रहेका छन् । ग्रन्थहरू तिब्बतीकृत संस्कृत लेखनप्रणालीमा लेखिएको छ । ग्रन्थका मुलपाठ तिब्बती लेखनप्रणालीभन्दा फरक तामाङभाषाको उच्चारण प्रणाली अनुसार अर्थ दिने विधिमा लेखिएको देखिन्छ ।

यसरी समग्रमा हेर्दा तामाङभाषाको प्रारम्भिक तथा प्राचीन लेखन तिब्बतीकृत संस्कृतभाषाको वर्णविन्यास विधिका लेखन नियमका आधारमो थालनी भएको देखिन्छ । यो तामाङभाषाको प्राचीन लेखनप्रणाली अपनाउँदा भाषावैज्ञानिक विधि, प्रकृयाअनुसार वर्ण निर्धारण गरेको बारेमा तथा लेखनकाप्रणालीका बारेमा पुस्तकमा कतै चर्चा गरिएको भेटिएन । मुलपाठ लेखनमा तिब्बतीकृत संस्कृत वर्णविन्यासलाई मुलआधार मानेको देखिन्छ । तिब्बतीकृत लेखनका उच्चारण र अर्थापन भन्दा भिन्न तामाङभाषाको उच्चारण र अर्थापनका सद्धिान्तमा आधारित भएर लेखिएको भेटिन्छ ।

प्राचीन लेखनमा लिखित रूपको जस्ताको त्यस्तै उच्चारण हुने र अर्थापनका सैद्धान्तिक आधार तामाङभाषामा रहेको देखिन्छ । यस्तो तामाङभाषाको मौलिक उच्चारण अनुसार लेखिएको रचना गरिएको पद, वाक्यका रूपहरूको तिब्बती उच्चारण भिन्न हुन्छ तर अर्थमा भने हुँदैन । जस्तैः-

तिब्बती वर्णविन्यास अनुसार संयुक्त व्यञ्जन वर्णका लेखनमा (क्रा) लेखिएको *टा* उच्चारण गर्नु पर्छ, यसरी नै (ख्रा) को *ठा,* (ग्रा) को *डा,* (प्रा) को *टा,* (फ्रा) को *ठा,* (ब्रा) को *डा,* (प्या) को *च्या,* (फ्या) को *छ्या,* ( ब्या) को *ज्या* उच्चारण गरिन्छ भने अर्थपनमा पनि हिज्जे र लेखनको रूपका आधारमा हुन्छ । तिब्बतीमा (क्रा) को *टा* उच्चारण हुँदा कपाल वा शिर हो भने यही अर्थमा तामाङ उच्चारण (क्रा) नै हुन्छ । तामाङभाषामा भने जस्तो लेखिएको हुन्छ त्यस्तै उच्चारण गरिन्छ । सामान्य पाठकलाई यस्तो लेखनप्रणालीमा भएका पुराना पेच्या पुस्तकका तामाङ पाठहरू भाषिक ज्ञान नभएकालाई बुझ्न कठिन हुन्छ । प्राचीन तामाङ लेखाइमा तामाङभाषाको उच्चारण र अर्थापनका यस्ता भेदहरूको बारेमा जानकारी दिएको पाईएन । तापनि प्राचीन यो लेखनको निरन्तरता आजसम्म जीवन्त रहेका छन् । तामाङ बौद्ध धर्मका ग्रन्थहरू सबै यही पुरानो लेखनप्रणालीमा आधारित रहेको पाइन्छ । यसले तामाङ लेखनको प्रारम्भिक अवस्था तथा लेखन इतिहासका साथै तामाङभाषा लेख्य परम्परा भएको भाषा हो भन्ने आधार प्रदान गरेको छ ।

**(ख) रोमन लिपिमा आधुनिक तामाङ लेखन**

तामाङभाषाको आलेखनको दोस्रो चरणमा आधुनिक युगको प्रवेससँगै, तामाङजातिको अध्ययन हुन थालेपछि भाषाशास्त्री, समाजशास्त्री र मानवशास्त्रीहरूले तामाङभाषाका अभिलेखनका लागि रोमन लिपिलाई उपयोग गरिएका पाइन्छ । हडसनले रोमन लिपिमा लिप्यान्तर तथा प्रतिलेखन गरेर तामाङ मूर्मि शब्दावली र केही पाठ सङ्कलन गरेका थिए (हडसन, १८४७, १८७४) । त्यसैगरी ब्रिटिस इष्टइन्डिया कम्पनीको शासनकालमाा भारतीय भाषाहरूको सर्वेक्षण गर्दा सो सर्वेक्षण प्रतिवेदनमा तामाङभाषाका सिमित पाठहरूको रोमन लिपिमा लिखित रूपमा सङ्कलन गरी तामाङभाषाको अध्ययन विश्लेषण गरेका छन् (ग्रिएर्सन र अन्य, १९०९) । तामाङ जातिका विविध विषयमा अनुसन्धान गर्ने अन्वेषकहरूले आ-आफ्नै ढङ्गबाट रोमन लिपि लेखन तथा भाषान्तर गरी तामाङभाषामा रहेका सूचनाहरूको अभिलेख राख्ने, विश्लेषण गर्ने गरिएको पाइन्छ । यस खालको तामाङ लेखनमा तामाङभाषाको ध्वनि परीक्षण तथा वर्णनिर्धारणका भाषावैज्ञानिक सिद्धान्त निर्देशित विधिहरू अपनाइएको देखिँदैन । भाषाशास्त्रीहरूले पनि अन्तराष्ट्रिय ध्वनितात्विक ध्वन्यात्मक लिपि (आइपिए) लिपिका चिन्हहरू प्रयोग गरी तामाङभाषाका पाठहरू लेखिएको पाइन्छ । तामाङभाषीहरूका लागि उनीहरूको दैनिक जीवनमा उपयोगी नरहेकोले यसप्रकारको रोमन तथा आइपिए लिपिको लेखनप्रणाली व्यवहारमा प्रयोग भएको पाइँदैन । तामाङभाषाको यो लेखन प्राचीन तामाङ लेखनपछि लामो समय अन्तरालपछिको अन्तराष्ट्रिय जगतबाट तामाङ समाजको बारेमा भए गरेका अनुसन्धानका कार्यहरूबाट थालनी भएको देखिन्छ । यो लेखनप्रणालीको प्रयोग भारतमा अङ्ग्रेजहरूको औपनिवेशिक शासनकालदेखि आरम्भ भएको देखिन्छ ।

रोमन र आइपिए लिपिको प्रयोग गरी अङ्रेजीभाषाका माध्यमबाट तामाङभाषाको पाठहरू सङ्कलन गरी भाषावैज्ञानिक विश्लेषण तथा अध्ययन पछिल्लो समयमा अम्बिका रेग्मी र दानराज रेग्मी (२०१८) को *वेष्टर्न तामाङ ग्रामर,* ओवेन स्मिथ (२०१४) ले तामाङभाषा र अन्य तिब्बती-बर्मन परिवारका भाषाहरूको व्याकरणगत

तुलनात्मक अध्ययनमा तामाङभाषाका पाठहरूको सङ्कलन, लेखन तथा विश्लेषण गरिएको छ । तामाङ (२०११) ले तामाङभाषाको व्याकरणको प्रारूप *अ स्केच ग्रामर अफ तामाङ*, पौडेल (२००६) ले *धनकुटे डिस्क्रिप्टिभ तामाङ ग्रामर* आदि लगायत थुपै तामाङभाषाको भाषावैज्ञानिक अध्ययन अनुसन्धानमा संलग्न विज्ञहरूले रोमन तथा अन्तराष्ट्रिय ध्वनितात्विक वर्णमाला (आइपिए) लिपिको प्रयोग गरी तामाङभाषाको भाषावैज्ञानिक विश्लेषण, व्याकरण लेखन, शब्दकोश लेखन, पाठ्यपुस्तक लेखन आदिमा प्रयोग गरेका छन् । फ्रेन्च भाषावैज्ञानिक मार्टिन मजाउदन (१९७३) ले आफ्नो विद्यावारिधिको शोध फ्रेन्चरोमन लिपिमा पाठहरू सङ्कलन गरी तामाङभाषाको ध्वनीविज्ञान केन्द्रित विश्लेषण गरी तामाङभाषाको अध्ययन गरेका छन् । यसरी नै म्याकडोनाल्ड (१९८३), होल्मबर्ग (१९९२), होफर (१९८१) आदि समाजशास्त्री तथा मानवशास्त्रीहरूले आफ्नो शोध अध्ययनमा तामाङभाषाका पाठहरू रोमन लिपि प्रयोग गरी सङ्कलन, लेखन, अध्ययन तथा विश्लेषण गरेका छन् ।

प्रारम्भिक चरणको शास्त्रीय तामाङ लेखनका तुलनामा रोमन लिपिमा लेखिएका तामाङभाषाको लेखन तथा अभिलेखनका कार्यहरू भाषावैज्ञानिक विधि र पद्धतिको प्रयोग सामान्य वर्णनिर्धारण गरी गरेको देखिन्छ । यस्तो आधुनिक तामाङलेखन र प्रयोगमा तामाङङाषाका वर्णहरूको छनोट तथा प्रयोगमा एकरूपता देखिएन । आधुनिक तामाङ लेखनको प्रारम्भमा हडसन तथा ग्रियर्सन आदिको लेखनमा पनि वर्णनिर्धारणका विधिहरू अपनाइएको देखिएन । त्यसपछि भाषाविज्ञान विषयका शोधकर्ताहरूले भने वर्ण निर्धारण गरी तामाङभाषाका पाठहरूको सङ्कलन र अभिलेखन गरेको देखिन्छ । यस कालखण्डमा बढि व्याकरण लेखन तथा व्याकरणपरक विश्लेषण गरिएको देखिन्छ । तामाङभाषाको भाषावैज्ञानिक विश्लेषण लेखनका निमित्त रोमन तथा आइपिए लिपिको प्रयोग गर्नका लागि साझा मानक वर्णहरू पहिचान तथा लेखनका विषयमा अध्ययन नभएकाले साझा मानक लेखन निर्धारण गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**(ग) देवनागरी लिपिमा आधुनिक तामाङलेखन, लिप्यन्तर र अनुवाद**

गोर्खाली राज्यको बिस्तारपछि नेपाल राज्यको राजकिय र केन्द्रिय भाषा देवनागरी लिपिमा लेखिएको खस (नेपालीभाषा) सरकारी कामकाजी भाषा तोकिएकाले तामाङ समुदायको भाषाको प्रयोग र लेखनमा यसले प्रभाव पारेको देखिन्छ । तामाङभाषाको पुरानो शास्त्रीय लेखन तामाङबौद्ध धार्मिक लेखनप्रणालीमा लेखिएको हस्तलिखित ग्रन्थहरूबाट लिप्यन्तरण गरी देवनागरी लिपिमा तामाङलेखन थालनी भएको देखिन्छ । यो लिप्यन्तर सँगै भाषान्तर (अनुवाद)को क्रम आचम्भ भएको पाईन्छ । सर्वप्रथम भारतको दार्जीलिङबाट तामाङभषाको *जीक्तेन ताम्छ्योओी* ( १९५६) पुरानो तामाङ लेखन *अुछेन* लिपिबाट देवनागरी लिपिमा लिप्यन्तर भएको छ । यो लिप्यन्तरणसँगै समकालिन तामाङभाषामा र नेपालको सरकारी कामकाजको नेपालीभाषामा भाषान्तरण गरी पुस्तक प्रकाशित भएको देखिन्छ । यसरी नै *ताम्बा काओीतेन व्हाओी रीमठीम, तामाङ वंशावली* (१९५७) लिप्यन्तर र भाषान्तरणसहित प्रकाशन भएको देखिन्छ ।

देवनागरी लिपिमा लिप्यन्तर र खस-नेपालीभाषामा भाषान्तरणका कार्यमा वर्ण-निर्धारण जस्ता भाषाविज्ञान सम्मत विधि, सिद्धान्त र पध्दतिहरू अवलम्वन गरिएको देखिएन । देवनागरी लिपिमा लेखिएको यो लिप्यन्तरण सँगै भाषान्तरणका कार्य सरकारी कामकाजी नेपालीभाषाको लेखन, सिकाइ कै संज्ञानका आधारमा भएको देखिन्छ । यसपछि देवनागरी लिपिमा *नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान*बाट प्रकाशित पर्यायवाची कोशमा तामाङभाषाका शब्दार्थहरूको सङ्ग्रह प्रकाशित भएको देखिन्छ । देवनागरी लिपिमा तामाङभाषाको लेखन राजकीय र प्राज्ञिक निकायबाट भएको यो पहिलो प्रकाशन थियो (हेर्नुहोस पर्यायवाची शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठन, १९७२) ।

देवनागरी लिपिमा लिप्यान्तरबाट आरम्भ भएको यो तामाङलेखनले *स्यो म्हेन्दो* (१९९३), *तामाङ सोम्ला* (१९९३), *कोनडोङडोङ* (१९९४), *हेराङ* (१९९५), *दीडीम्हेन्दो* (१९९६) मक्वानपुरबाट, *तामाङ डाजाङ* (२००३-०२३) काठमाडौं आदि तामाङभाषाको विविध साहित्यिक विधा, समाचार बुलेटिन, मासिक पत्रिका आदि तामाङलेखन

तथा साहित्य सृजनाका कार्यहरू भइ आएको छ (तामाङ, २०२१) । नेपालमा बहुदलीय व्यवस्थासँगै आएको प्रजातन्त्रपछि (११९०) देखि भने बिस्तारै तामाङभाषाको भाषावैज्ञानिक विधि र प्रकृयाबाट वर्णनिर्धारण गरी तामाङभाषा निश्चित मानक वर्णहरूको पहिचान गरी लेख्न थालिएको देखिन्छ ।

यसरी तामाङभाषाको आधुनिक लेखनको यो कालखण्डसम्म आइपुग्दा तामाङभाषाको लेखन, अभिलेखनको उद्देश्य तामाङभाषा साहित्यको सृजनामा केन्द्रित रहेको देखिन्छ । तामाङभाषाको लेखनप्रणालीको योजना बद्ध र दिर्घकालिन लेखनका लागि भाषावैज्ञानिक गहन प्रयास भएको देखिँदैन । देवनागरी लिपिमा तामाङभाषाको व्याकरणगत मौलिक विशेषतामा आधारित तामाङ लेखनप्रणालीको सैद्धान्तिक ढाँचा तथा सर्वमान्य भाषावैज्ञानिक आधारहरूको खोजी गरीएको पाइएन ।

देवनागरी लिपिमा साझा सम्बत् १९९० को दशकमा भाषावैज्ञानिक वर्णनिर्धारण गर्ने र सोही अनुसार तामाङलेखनको कार्य थालनी हुँदादेखि नै दुईधारको लेखन अभ्यास विकास भएको देखिन्छ । यसको प्रभाखले साझा मानक लेखनप्रणालीमा सहमत हुन नसकेको देखिन्छ । मूलरूपमा तामाङ समुदायको साझा र केन्द्रीय संस्था नेपाल तामाङ ग्हेदुङद्वारा निर्देशित तामाङ लेखनप्रणाली र तामाङ डाजाङ नामक संगठित संस्थाले अपनाइ आएको लेखनप्रणालीका बीच भिन्नता रहेको देखिन्छ । अुछेन लिपिको पुरानो तामाङ लेखाइमा झैं तामाङकृत देवनागरी लेखाइमा एकै खाले ईकार दीर्घमात्र लेख्ने र उकार लेख्दा पनि ह्रस्व मात्र लेख्ने गरिएको देखिन्छ । तामाङ डाजाङ संस्थाले भने यसको ठिक विपरीत विधि लेखनमा अपनाएको देखिन्छ । यसरी देवनागरी लिपिमा तामाङभाषाको लेखन प्रारम्भको लिप्यन्तर भएको समयका लेखनसमेत गरी हाल तीन प्रकारको भिन्न भिन्दै तामाङलेखन देखिन्छ । त्यसकारण तामाङकृत देवनागरी लिपिको प्रयोग गरी लेखिने तामाङ लेखनमा देखिएको विविधतालाई एकरूपतामा ल्याउन एउटै साझा र मानक लेखनप्रणालीको निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**(घ) तामाङभाषाको लेखनप्रणालीको मानकीकरण र लिपि निर्धारण**

नेपालमा साझा सम्बत् १९९० को दशकमा वहुदलीय प्रजातान्त्रिक संविधानको निर्माणसँगै संविधानमा मातृभाषाका विषयवस्तुको उठान भएका थिए । नेपालमा भाषिक अधिकारका विषय संवैधानिक रूपमा उठान भएकाले मातृभाषा राज्यका विभिन्न निकायहरूमा प्रयोग गर्नु पाउनु मौलिक हकका विषयमा मागहरूको उठान भयो । सरकार नियन्त्रित सन्चार माध्यम रेडियो नेपालमा साझा सम्बत् १९९४ अगस्त १७ गतेका दिनदेखि तामाङभाषामा पाँच मिनेटको समाचार प्रशारण सुरूवात भएको थियो ।

भारतको सिक्किम राज्य सरकारले साझा सम्बत् १९९५ मार्च २७ देखि तामाङभाषा लगायत ६ भाषाहरूलाई राज्यको राजभाषाको सूचीमा सूचिकृत गऱ्यो (ह्योन्जन, २००६) । भारतको सिक्किम राज्यमा सरकारको सहयोग र सिक्किम तामाङ बौद्ध संघको पहलमा तामाङभाषाको लेखनका बारेमा राजकीय अध्ययन कार्यको थालनी भयो (तामाङ, २००५) । भारतमा सिक्किम राज्य सरकारबाट तामाङभाषालाई राजकियभाषाको दर्जा दिएपछि तामाङभाषाको अभिलेखनका निमित्त आधिकारिक लिपि र वैज्ञानिक र मानक लेखनप्रणालीको तत्काल आवश्यकता भयो । राज्य सरकारको समर्थन र सहयोगमा सिक्किम तामाङ बौद्ध संघले तामाङभाषाको आलेखनका निमित्त लिपिको छनोट र पहिचानका बारेमा पहिलो पटक अन्तराष्ट्रिय लिपि संगोष्ठी साझा सम्बत् १९९५ डेसेम्बर १९-२२ मा सिक्किमको राजधानी गाङतोक सहरमा सम्पन्न भयो । यसैबीच भारतको सिक्किम विधान सभाले विधानसभामा हुने दैनिक संवैधानिक छलफल आदि सरकारी कार्यहरूको राज्यभाषाहरूमा अभिलेख राख्न साझा सम्खत् १९९६ फेब्रुअरी २ मा तामाङभाषाको अनुवादक तामाङभाषाविज्ञको नियुक्ति गरे (ह्योन्जन, १९९६) । अब सिक्किममा तामाङभाषामा सरकारी अभिलेखीकरणको कार्यमा तामाङभाषाको वैज्ञानिक र आधिकारिक र मानक लेखनप्रणालीको टड्कारो आवश्यकता भयो ।

सिक्किम सरकारको पहल र सिक्किम तामाङ बौद्ध संघको नेतृत्वमा साझा सम्बत् १९९७ मा भारतको मैसोर स्थित सेन्ट्रल इन्स्ट्युट अफ इन्डेन ल्याङवेजेज् (सिआइएल) तामाङभाषाको लागि लिपि छनोट तथा

लेखनप्रणालीको वैज्ञानिक अनुसन्धान खोजका लागि तामाङभाषाका वक्ता, ज्ञाताहरू मैसोर पुगे (तिदुङ, १९९६)। सिआइएलका भाषावैज्ञानिक एवम् ध्वनिविज्ञ श्रीमती जोइ रेड्डीले तामाङभाषाको वक्ता ज्ञाताहरूबाट भाषिक-सूचना प्राप्त गरी तामाङभाषाको ध्वनिको भाषावैज्ञानिक परीक्षण गरी वर्णनिर्धारण लगायतका अभ्यास र अध्ययन गरेका थिए । यो तामाङभाषाको भाषावैज्ञानिक विधिबाट प्रयोगशालामा गरिएको पहिलो वर्णनिर्धारण कार्य हो । वर्णनिर्धारणसँगै लेखनका लागि तामाङभाषाको लेखनमा प्रयोग भइराखेका विभिन्न लिपिहरूका चिन्हहरूलाई तामाभाषाको ध्वनिको सङ्केतसँग मिल्दो ध्वनि चिन्हको पहिचान गरी तामाङभाषाको वर्ण अनुकुल ध्वन्यात्मक चरित्र मिल्दो लिपिको खोजी भयो । सो अध्ययनमा सहभागी सिक्किमका काजीमान तिदुङ तामाङका अनुसार मैसोरस्थित भारतीय भाषा अनुसन्धान केन्द्रमा आइपिए, तामाङबौद्ध धर्मका ग्रन्थहरू लेखिएका प्राचीन तामाङ लेखनमा प्रयोग भएका शास्त्रीय अुछेन लिपि र लिप्यन्तरणबाट तामाङ लेखनमा प्रयोगमा आएका तामाङकृत देवनागरी लिपि आदिको विमर्श गरी प्रयोगशालमा परीक्षण, जाँच पडताल अध्ययन गरेका थिए । धेरै प्रयोगात्मक लेखन अभ्यासपछि प्राचीन तामाङ लेखनमा प्रयोग भइरहेको अुछेन लिपिका अधिकत्तर लिपि चिन्हहरू तामाङभाषाको ध्वनि र हिज्जे अनरूप उपयुक्त हुने ठहर भयो । *अुछेन* लिपिको परिस्कृत तथा तामाङकृत रूपले तामाङभाषाको ध्वनिवर्ण र प्रयोगको आधारमा निर्धारित वर्ण व्यवस्थानुसार एकाक्षेरी चरित्रको तामाङभाषाको आक्षरिक लेखनका लागि अुछेन लिपिलाई तामाङकृत गरी लेख्न उपयुक्त हुने निष्कर्ष र सुझाव दिएको थियो ( तामाङ, १९९८) ।

सिक्किम तामाङ बौद्ध संघको आयोजनामा जुन ८ र ९, साझा सम्बत् १९९८ मा भारतको सिक्किम गान्तोकमा दुई दिवसीय *तामयीग* (तामाङ लिपि) विषयक कार्याशाला गोष्ठी सम्पन्न गरिएको थियो । यो संगोष्ठिमा अखिल भारतीय तामाङ बौद्ध संघ, सिक्किम तामाङ बौद्ध संघ र नेपाल तामाङ ग्हेदुङका प्रतिनिधिहरू, भाषाका ज्ञाता र विज्ञ व्यक्तित्वहरू सहभागि भएका थिए । यो दुई दिवसीय *तामयीग* (तामाङ लिपि) कार्याशाला गोष्ठीले भारतीय भाषा अनुसन्धान केन्द्र मैसौरबाट प्राप्त सुझाव अनुसार लिपिको छनोट, लेखन सुझाव र सिक्किम तामाङ बौद्ध संघको सिफारिस बमोजिमको तामाङ लेखन र सो वर्ण निर्धारणकै आधारमा केही परिमार्जित गरी *अुछेन* लिपिको तामाङकृत लिपि *तामयीग* र लेखनप्रणालीलाई तामाङभाषाका आधिकारिक र मानक लेखनप्रणाली अपनाउने निर्णय गरेको थियो (तामाङ र अन्य, १९९८, १००-१०१) । यस कार्यशाला संगोष्ठीको निर्णय र निष्कर्षले तामाङ प्राचीन लेखनमा प्रयोग हुँदै आएको *अुछेन* लिपिका लिपि चिन्ह, मौलिक तामाङ हिज्जे अनुरूपका ध्वनि सङ्केतका आधारमा तामाङकृत रूपको वर्णविन्यास विधिअनुसार तामााङ लेखनप्रणाली *तामयीग* हुने निर्णय गरेको देखिन्छ । यहि *तामयीग* तामाङ लेखनप्रणालीलाई तामाङहरूको प्रथम अन्तराष्ट्रिय सम्मेलन (२००२, डिसेम्बर १९-२२) ले तामाङभाषाको आधिकारिक लेखनप्रणाली र लिपि *तामयीग* हुने घोषणा गरेका देखिन्छ (औन्टरनेसनल तामाङ काउन्सिल, २००२) । यो तामाङङाषाको *तामयीग* लेखन प्राचीन तामाङ लेखनमा प्रयोग भइआएको *अुछेन* लिपि तथा तिब्बतीकृत संस्कृतव्याकरण अनुरूपका वर्णविन्यासको परिस्कृत वा तामाङकृत रूप भएकाले यसको मूल सैद्धान्तिक आधार भने तिब्बतीकृत संस्कृत आक्षरिक लेखनप्रणाली रहेको देखिन्छ ।

यो तामयीग तामाङ लेखनप्रणालीको यो बौद्ध धार्मिक *अुछेन* एसियाइ भारतीय समूहको आक्षरिक ( सेलेबिक) लिपि हो । यो लिपिको लेखाइ देब्रेबाट दाँयातिर लेखिन्छ । यस लिपिको लेखनप्रणाली पूर्णरूपमा आक्षरिक प्रणालीमा आधारित रहेको हुनाले तामाङभाषाको एकाक्षेरिक विशेषता युक्त वर्णहरूको लेखनमा शुद्ध र आक्षरिक शब्द तथा वाक्यांसका स्वरूपलाई स्पष्ट हिज्जेअनुसार लिखित अभिव्यक्त दिनसकिने दावी गरिएको छ । यो लिपिको लेखाइमा अन्य लिपिहरूको तुलनामा सरल तथा तामाङ भाषामय रहेको बताइएको छ (तामाङ र अन्य, २०११) ।

भारतको सिक्किम राज्यमा सरकारको स्वामित्वमा रहेको सरकारी पाक्षिक समाचार पत्र *सिक्किम हेराल्ड* को तामाङभाषामा तामाङ संस्करण ९ जनवरी २००२ देखि *तामयीग* र देवनागरी लिपिमा आधा-आधा प्रकाशन थालनी भएको थियो भने अहिले यो पत्रिका पूर्णरूपमा *तामयीग* लेखनमा नै प्रकाशन भइरहेको छ । सिक्किम

हेराल्डको प्रकाशन लगतै सरकारी विद्यालय तहमा तामाङभाषामा पठनपाठनका लागि पाठ्यपुस्तक निर्माण गर्न कुमार ह्योन्जन तामाङको अध्यक्षतामा सिक्किम बोद्ध संघले *तामाङ लयाङ्वेज डेभलोपमेन्ट बोर्ड* गठन गरेको थियो । यस बोर्डले तामाङ भाषाको विद्यालय तहको पाठ्यपुस्तक निर्माणमा सहयोग गरी तामाङभाषाको कक्षाहरू सञ्चालन भइरहेको छ (सिक्किम तामाङ बौद्ध संघ, २००४) । सिक्किम निवासी अन्तराष्ट्रिय तामाङ परिषदका अध्यक्ष काजीमान तामाङका अनुसार हाल यो पठनपाठन भारतको सिक्किम राज्यको सरकारी विद्यालयहरूमा कक्षा १-१० सम्म रहेको छ (प्रत्यक्ष भेट सम्वाद, २०२३ फेब्रुअरी १३ मा आधारित) । तामाङभाषाको मानक लेखनप्रणाली र लिपि *तामयिग* प्रयोग गरी दार्जीलिङबाट साझा सम्बत् २००९ मा डि.बि. योन्जन तामाङले पहिलो पटक तामाङ शब्दकोश प्रकाशनमा ल्याएका थिए ।

नेपालमा गोरखापत्र राष्ट्रिय दैनिकमा साझा सम्बत् २००७ असोज १ गते देखि आजका दिनसम्म नियमित नयाँ नेपाल बहुभाषिक पृष्ठमा मासिक दुईपटक तामाङभाषाको सामग्री *तामयीग* तामाङ लेखन र लिपिमा प्रकाशन भइरहेको छ । नेपाल तामाङ ग्हेदुङका केन्द्रीय कोषाध्यक्ष रूप योन्जन तामाङका अनुसार नेपालमा विद्यालयस्तरमा पठनपाठनका लागि *तामयीग* लिपिमा नेपाल तामाङ ग्हेदुङले *तामयीग होओीस्हेर जीन्डा गीक* (२०१२) र *तामयीग होओीस्हेर जीन्डा नी* (२०१४) प्रकाशनमा ल्याएको छ (व्यक्तिगत सम्वाद, २०२३, फरवरी २४) । यस पाठ्यपुस्तकलाई साझा सम्बत् २०१५ मा नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रद्वारा विद्यालयमा मातृभाषाको पाठ्यक्रमको सन्दर्भग्रन्थका रूपमा उपयोग गर्न स्विकृती दिएको पुस्तकमा उल्लेख गरेका छन् । यसै गरी साझा सम्बत् २०१७ मा *नेपाल प्रज्ञा प्रतिष्ठान*बाट *तामयीग* लिपि र लेखनप्रणालीमा अजितमान तामाङको सङ्कलन तथा प्रधान सम्पादकत्वमा राजेन्द्र ठोकर र सिजर तामाङको सम्पादकत्वमा *प्रज्ञा तामाङ-नेपाली-अङ्ग्रेजी शाब्दकोश* प्रकाशनमा आइसकेको देखिन्छ । यस कोशको परिचय खण्डमा तामाङभाषाको उत्पत्ति, लिपिको विकास, लेखन विधि र अन्य लेखनका विधिका बीचमा *तामयीग* मानक लेखनप्रणालीसँगको भिन्नता र भाषावैज्ञानिक विधि तथा पद्धति अपनाइएको बारे उल्लेख गरिएको छ । यो शब्दकोश *तामयीग* तामाङकृत *अुछेन* र *देवनागरी तामयीक* दुवै लिपिमा लेखिएको देखिन्छ । तर यो लेखनप्रणालीले पनि तामाङभाषाको तानीय विशेषतालाई कसरी लेख्ने र व्यक्त गर्ने आदि तानीय पहिचानका विषयमा भने उल्लेख पूर्णरूपमा जानकारी दिएको छैन । (तामाङभाषाको तानीय विशेषताको बारेमा अनुसूची(२ मा हेर्नुहास) । यसकारण अझै तामाङभाषाको लेखनप्रणालीका बारेमा थप भाषावैज्ञानिक अध्ययन हुन आवश्यक देखिन्छ ।

**(ङ) तामाङ सम्बोटा लेखन**

प्राचीन तामाङभाषाको लेखनप्रणालीलाई निरन्तरता दिंदै *तामाङ सम्बोटा* लिपिको नामबाट *नेपाल तामाङ मातृभाषा सम्बोटा लिपि विकास एकाडेमी (सम्बोटा)* नामक संस्थाले *तामाङ सम्बोटा वर्णमाला* र कक्षा एकदेखि पाँचसम्मको पाठ्यपुस्तक र शब्दकोश प्रकाशित गरेका छन् । यो तामाङ लेखनमा शास्त्रीय तिब्बतीभाषाको वर्णमाला जस्ताको त्यस्तै (३० व्यञ्जन वर्ण र चार स्वर वर्ण) रहेको उल्लेख गरेका छन् । यस वर्णमालामा व्यञ्जन वर्णभित्र दुइ स्वर वर्णहरूलाई समेत समावेस गरिएको छ भने ४ स्वर वर्णलाई नै तामाङभाषाको स्वर वर्ण मानेका छन् । संस्कृतभाषाका १२ स्वर वर्णलाई समेत जस्ताको त्यस्तै प्रयोग गरिएको देखिन्छ (तामाङ, २०१६) । पुस्तकका पाठमा बौद्ध धर्मका तिब्बतीभाषामा रहेको धारणी मन्त्रलाई जस्ताको तस्तै राखिएको छ । यो *तामाङ सम्बोटा* लेखनमा चलन(चल्तिको तिब्बतीभाषाको लेखनप्रणालीलाई जस्ताको तस्तै अपनाइएको देखिन्छ । तामाङभाषाको लेखन भनिएको यो लेखनमा वर्ण निर्धारणका भाषावैज्ञानिक सिद्धान्त र विधिको प्रयोग गरिएको बारे कतै उल्लेख गरिएको तथा वर्ण निर्धारणका विधि र आधार बारेमा चर्चा भएको छैन । तामाङभाषाका वाक्य गठन तथा लेखाइ र पाठहरूलाई परम्परागत तिब्बतीभाषाकृत लेखनप्रणालीमा नै प्रस्तुत गरेका छन् । पुस्तकमा तामाङभाषा, तिब्बतीभाषा र तिब्बती धार्मिकभाषाका बीचमा रहेको भेदहरूको बारेमा सूचना तथा कुनै प्रकारको जानकारी दिएको छैन तर लेखनप्रणाली तामाङभाषाको लेखनप्रणाली हो भनेर दावी गरिएको छ ।

यो खोजचर्चाले तामाङभाषाको लेखनप्रणाली अंशुवर्मा कालदेखि भएको देखिएको छ । प्रारम्भिक तामाङभाषाको लेखन प्राचीन शास्त्रीय अुछेन लिपिमा भएको देखिन्छ। आधुनिक तामाङभाषाका लेखन रोम लिपिमा तथा आइपिए लिपिमा भएको देखिन्छ । नेपालमा राज्यको कामकाजीभाषाको प्रभावले प्राचीन तामाङ लेखनले साभ्का सम्बत् १९५६ देखि देवनागरी लिपिमा लिप्यन्तरण र नेपाली–खसभाषामा भाषान्तरण भएको देखिन्छ भने यसपछि नै देवनागरी लिपिमा लेखन प्रारम्भ भएको जानकारी प्राप्त भएको छ। साभ्का सम्बत् १९९० को दशक देखि भने तामाङभाषाको भाषावैज्ञानिक लेखन विकासका अभ्यास भएको देखिन्छ। क्रमशः नेपालमा लोकतन्त्र र गणतन्त्र स्थापनापछि संवैधानिक रूपमा मातृभाषाहरूका बारेमा सम्बोधन प्रारम्भ गरेपछि तामाङभाषाको लेखन विकासले मानकीकरणका चरणमा पुगेको देखिन्छ। तामाङभाषाको लेखनको यी चरणबद्ध लेखन विकास भए पनि अभ्कै तामाङ लेखनले एउटै साभ्का तामाङ मानक लेखनप्रणाली र लिपिको प्रयोग गरी लेखनप्रणालीमा रहेका वर्णविन्यासमा देखिएको विविधताको समस्याको समाधान हुन नसकेको देखिन्छ । जसले गर्दा तामाङभाषाको लेखनप्रणालीका बारेमा थप अध्ययन तथा खोज चर्चा हुन आवश्यक छ।

**५. निचोड**

यो खोज चर्चाले तामाङभाषा नेपालको पाँचौं ठूलो भाषा र एक पुरानो लेख्य परम्परा भएको भाषा हो भन्ने जानकारी दिएको छ। तामाङभाषाको प्राचीन लेखनको काल अंशुवर्मा कालीन भएको जानकारी भएको छ। तामाङभाषा लेखनको निरन्तरता एघारौं शताब्दी १०२९ वर्ष अघि लेखिएका हस्तलिखित ग्रन्थ *पेच्या* पुस्तक लगायत अनेक ग्रन्थहरू प्राप्त रहेकाले तामाङभाषा मौलिक लेख्य परम्परा छ भन्ने विषय प्रमाणित भएको छ। प्राचीन तामाङ लेखनप्रणाली तिब्बतीकृत संस्कृत गुरूकुलीय दिक्षाको संज्ञानका उत्प्रेरणाबाट प्रारम्भ भएको देखिन्छ ।

तामाङभाषाको आधुनिक लेखन, अन्वेषकहरूले रोमन लिपिमा तामाङभाषाको पाठहरूको संकलन तथा विश्लेषण गर्ने कार्यबाट आरम्भ भएको देखिन्छ। भारतमा अङग्रेज औपनिवेशिक शासनकालमा अनुसन्धानकर्ता क्याम्बेल, हड्सन तथा ग्रियर्सन आदिले साभ्का सम्बत् १९४० अघि नै रोमन लिपिमा लेखन अभिलेखीकरण गरेको देखिन्छ। तामाङभाषाको भाषावैज्ञानिक अध्ययन लेखनको थालनी साभ्का सम्बत्को सत्तरीको दशकबाट भाषिक सांस्कृतिक अध्ययन तामाङ जातिको मानशास्त्रीय, समाजशास्त्रीय र भाषाशास्त्रीय अनुसन्धानका कार्यहरूबाट लेखित अभिलेखन अन्तराष्ट्रिय ध्वनितात्विक लिपि आइपिएको प्रयोग गरी लेखिएको देखिन्छ । तामाङभाषाको प्राचीन हस्तलिखित ग्रन्थहरूबाट लिप्यन्तरण र भाषान्तरण गरी देवनागरी लिपिमा साभ्का सम्बत् १९५० को दशकपछि साभ्का सम्बत् १९५६ देखिमात्र लेख्न थालिएको देखिन्छ।

साभ्का सम्बत् १९९० पछिका दशकबाट भने तामाङभाषाको लेखनकार्यले सरकारी निकायहरूमा प्रवेश पाएको देखिन्छ । यसै दशकबाट भाषावैज्ञानिक विधि र सिद्धान्त प्रयोग गरी तामाङ लेखनप्रणालीले विकासको आधुनिक लेखन प्रारम्भ भएको देखिन्छ । साभ्का सम्बत् १९९६ पछि तामाङभाषाको मानक लेखनको दिशातर्फ अघिबढेको देखिन्छ। साभ्का सम्बत् १९९९ बाट तामाङभाषाको मौलिक लेखनप्रणाली भाषावैज्ञानिक विधिको प्रयोग र अध्ययनबाट *तामयीग तामाङ लिपि* तथा लेखनप्रणालीको विकास गरी प्रयोगमा आएको देखिन्छ। पुरानो तामाङ लेखनप्रणालीलाई निरन्तरता दिँदै तिब्बतीकृत संस्कृत वर्णविन्यासका लेखनप्रणालीलाई जस्ताको तस्तै अपनाइएको *तामाङ सम्बोटा* लेखन *सम्बोटा लिपि*को नामबाट *नेपाल तामाङ मातृभाषा सम्बोटा लिपि विकास एकाडेमी* (सम्बोटा) नामक संस्थाले विद्यालयस्तरको पुस्तक निर्माण गरी गुरूकुलीय प्रणालीका शिक्षणमा प्रयोग गरेको देखिन्छ।

तामाङभाषी समुदायको साभ्का राष्ट्रिय संस्था नेपाल तामाङ ग्हेदुङ, सिक्किम तामाङ बौद्ध संघ, अखिलभारतीय तामाङ बौद्ध संघ तथा अन्तराष्ट्रिय तामाङ परिषदको प्रथम सम्मेलन २००२ बाट यो *तामयीग लिपि तथा लेखनप्रणाली*लाई तामाङको आधिकारिक लेखन हुने र प्रयोग गर्न घोषणापत्रमा उल्लेख गरेको छ। यो

*तामयीग लिपि* तथा *लेखनप्रणाली*को विकास तामाङभाषाको भाषावैज्ञानिक वर्ण व्यवस्थाअनुसार रहेको हुनाले नेपालको सरकारी प्रकाशन गोरखपत्र राष्ट्रिय दैनिकको समाखेसी तामाङभाषाको पृष्ट २०६४ असोज १ गतेबाट सुरूभइ आजसम्म निरतर प्रकाशन भइरहेको छ। अन्तराष्ट्रमा भारतको सिक्किम राज्य सरकारले प्रादेसिक भाषाको राजकीय दर्जासँगै सरकारी विद्यालयहरू, सरकारी सञ्चार माध्यम *सिक्किम हेराल्ड* पाक्षिक पत्रिका साझा २००१ देखि र सम्बत् २००२ देखि सरकारी विद्यालयहरूमा पठनपाठनमा प्रयोग भइरहेको देखिन्छ।

तामाङभाषाको लेखनप्रणाली आधुनिक तामाङ लेखनमा प्रवेश हुँदा तामाङ मौलिक लिपिका *अुछेन*बाट परिस्कृत *तामयीग* लिपि तथा लिप्यन्तरण र भाषान्तरणपछिका *देवनागरी* लिपिको तामाङकृत लेखनप्रणालीको प्रयोगमा एक रूपता नरहेको यो खोजी अध्ययनले देखाएको छ। हालको आधुनिक तामाङ लेखनमा तामाङभाषाकृत मौलिक *तामयीग* लिपि र लेखनप्रणाली तथा देवनागरी लिपिको तामाङकृत लेखनप्रणाली यी दुवै तामाङ लेखनमा दुई(दुई भेदहरू रहेको देखिएको छ। तामाङभाषाको लेखनप्रणालीमा प्रणालीगत एकरूपता नरहेको तथ्यको पहिचान भएको छ।

यो खोजचर्चाले एकहजार वर्ष अघिदेखिको पुरानो लेखनप्रणाली भएको तामाङ लेखनप्रणालीको विकासका चरणबद्ध भाषावैज्ञानिक विश्लेषण तथा अध्ययन भइरहेको देखिएको छ। तर आजका दिनसम्म तामाङभाषाका लेखनप्रणाली बारेको अध्ययनहरू भाषाविज्ञानको लेखिम विज्ञानका सिद्धान्त र विधि प्रयोग गरी भएको देखिएन तसर्थ भाषाविज्ञानका ग्राफोलिङगुइस्टिक लेखिम विज्ञानले निर्देशित गरेको विधि र पद्धति प्रयोग गरी तामाङभाषाको वर्ण व्यवस्थाअनुसार उपयुक्त लिपिको छनोट तथा लेखनप्रणालीको निर्धारण हुन आवश्यक छ। तामाङभाषाको लेखनको साझा मानक वर्णविन्यासका विधिहरू निर्धारण तथा गर्नुपर्ने ठहर यो तामाङभाषाको लेखनप्रणालीको खोज र चर्चा विषयक अध्ययनको निष्कर्ष रहेको छ।

## सन्दर्भसूची

ओवेन-स्मिथ टी./Owen-Smith, T. (2014). *Grammatical Relations in Tamang, a Tibeto-Burman Language of Nepal* [Unpublished PhD. dissertation]. Department of Linguistics SOAS, University of London.

इन्टरनेसनल तामाङ काउसिल/International Tamang Council. (2002, December 20). पहिलो अन्राष्ट्रिय तामाङ सम्मेलन काठमाडौ घोषणापत्र-International Tamang Councill (ITC). *International Tamang Council (ITC)*. Retrieved February 27, 2023, from https://www.tamangcouncil.org/¿projects=first-conference

कारन, एल्क./Karan, E. (2006, August). *Writing System Development and Reform: A Process* (Thesis). University of North Dakota.

ग्रीएर्सन, जि.ए./Grierson, G. A. (Ed.). (1909). *Linguistic Survey of India* (Vol. 3). Banarsi Dass.

घिमिरे, वासुदेव. (२००७). *ऐतिहासिक भाषाविज्ञान*. अस्मिता बुक्स एण्ड स्टेस्नरी।

टेलर, डी./टेलर, डी./Taylor, D. (1973). Clause Patterns in Tamang [E-book]. In I. Davis (Ed.), *Clause, Sentence, and Patterns in Selected Language of Nepal.: Vol. II* (pp. 81–174). Summer Institute of Linguistics of the University of Oklahoma Norman.

तामाङ, अजितमान/Tamang, Ajitman. (2011). *A Sketch Grammar of Tamang* [Unpublished Dessertation].

तामाङ, अजितमान. (२००५). *तामाङ तामयीग लिपिको वंश अनि इतिहास*. कोनडोङडोङ थेत्मा।

तामाङ, अजितमान, ठोकर, राजेन्द्र, र तामाङ, सिजर. (२०१७). तामाङभाषा र लिपिको परिचय. *प्रज्ञा तामाङ-नेपाली-अङ्ग्रेजी शब्दकोश* ( पृष्ठ ९-४९). नेपाल प्रज्ञा प्रतिष्ठान ।

तामाङ, अजितमान (२०२१, दिसेम्बर, २५). *तामाङभाषाको ऐतिहासिकता र लेखन* [प्रस्तुत गोष्ठीपत्र]. तामाङ मातृभाषा, तामाङ साहित्यको वर्तमान अवस्था एवम् ताम्बा दर्शन, भक्तपुर, नेपाल ।

तामाङ, डाजाङ. (२०११). *तामाङ भाषा लेखन मानकीकरण.* तामाङ डाजाङ ।

तामाङ, मुक्तसिंह. (साझा सम्वत् २००५). *जीग्तेन तामछ्योओी मीछ्योओी ल्हाछ्योओी श्युग्स्हो.* तामाङ अध्ययन केन्द्र ।

तामाङ, सिंहबहादुर. (२०१६). *तामाङ सम्बाटा वर्णमाला* (आठौं सं). सम्बोटा प्रकाशन प्रा.लि. ।

तामाङ, काजीमान. (१९९८). तामयीग तामाङ-लिपि, भाषा र संस्कृति, *लिपि संगालो* (पृष्ठ ९०-११२). आर. बि. लिम्बु याक्थुङ्चुम ।

तिदुङ, काजीमान. (१९९६). तामाङ वर्णमाला निर्धारण. छारग्याम, ५(५), ८-१३ ।

नेपाल तामाङ ग्हेदुङ. (१९९६). *होओीस्हेर (गीक्छा).* प्लान इन्टरनेशनल र नेपाल तामाङ ग्हेदुङ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. (१९७०). *पर्यायवाची शब्दकोष.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठन ।

पौडेल, केदारप्रसाद/Paudel, Kedar Prasad. (2006). Dhankute Tamang Grammar. LINCOM.

पाखीन, सन्तबिर. (२०१३). *ताम्बाकाओीतेन क्वाओी रीमठीम तामाङका पुर्खौली रीतिथिति र गित.* रत्नपुस्तक भण्डार ।

भाषा आयोगको वार्षिक प्रतिवेदन (पाचा): (२०७७ श्रावणदेखि २०७८ असार मसान्तसम्म). (२०२१). In *www.languagecommission.gov.np*. *भाषा आयोग.* Retrieved December 20, 2022, from https://languagecommission.gov.np/pdf/1643703141.

भाषा आयोग. (२०७६, भाद्र २३). *भाषा आयोगको वार्षिक प्रतिवेदन* (तेस्रो संस्क.). भाषा आयोग । https://languagecommission.gov.np/language/Annual%20Report

मजाउदन, एम./Mazaudan, M. (1993). Writing Tamang. A brief note on alphabetisation, spelling and transcription in Tamang. *Syo_Mhendo*, 1(14), 17-26.

मजाउदन, एम./Mazaudan, M. (2014). *Studying emergent tone-systems in Nepal: Pitch, phonation, and word-tone in Tamang*. Halshs.archives-ouvertes.fr. Retrieved 3 July 2020, from https://halshs.archives-ouvertes.fr/halshs-01118386.

म्याक्डोनाल्ड, अ./Macdonald, M. (1983). *Essays on The Ethnology of Nepal and South Asia I,* Ratna Pustak Bhandar.

मोक्तान, बु. (१९५६). *जीक्तेन तामछ्याओी.* दार्जीलिङ ।

योन्जन, अमृत. (२०९७). *तामाङ-व्याकरण.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

योन्जन, अमृत. (२०११). *तामाङ प्रकाशनको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

योन्जन, कुमार. (१९९६). तामाङ लिपि बारे अन्तराष्ट्रिय विचार गोष्ठी एक ऐतिहासिक घटना. *छारग्याम,* ५(१), ३-७-।

रेग्मी, अ. र रेग्मी, डि.आर./Regmi, A., & Regmi, D. R. (2018). *A Grammar of Western Tamang*. LINCOM GmbH.

रेग्मी, दिनेशचन्द्र. (२००४). *पुरालेखन र अभिलेख.* हिमालय बुक स्टल ।

लाहुली, के. (१९६३). *संभोट व्याकरण* [मुलसुत्र हिन्दी अनुवादसहित] (दोस्रो सं.). उपासक ब्रदर्स भोट साहित्य प्रकाशन गृह ।

लिम्बु, आर.बि. (१९९८). *लिपि संगालो.* आर. बि. लिम्बु (याकथुङ् चुम) ।

श्रेष्ठ, ओमकारेश्वर. (२०१८). *नेपालभाषाया ए वर्ण.* नेपालभाषा केन्द्रीय विभाग ।

सिक्किम तामाङ बौद्ध संघ) .२००४). *तामयीग लोपदेब सोम्छा ཏམ་ཡིག་ལོབ་དེབ་སོམ་ཚོ།།*

सिक्किम लेजिस्लेटिभ एसेमब्लि गाङतोक सिक्कीम/.Sikkim Legislative Assembly Gangtok-Sikkim. (1994). *Proceedings of The Sikkim Legislative Assembly in Tamang Language*. Gangtok: Sikkim Legislative Assembly Gangtok-Sikkim.

हडसन, बि./Hodgson, B. (1874). *ESSAYS on The Languages, Literature & Religion of Nepal and Tibet*. Thunder & co 57 & 50 Ludgat Hill. S_01_04.pdf

हडसन, बि./Hodgson, B. H. (1847) On the Aborigines of the Sub-Himalayas. *Journal of Asiatic Society de Bengal*, Vol. xvi, Part I, pp. 1235

हारालाम्बोस, वाइ./Haralambous, Y. (2020). Grapholinguistics, TEX, and a June 2020 conference. *TUGboat*, *41*(1), 12–19. https://tug.org/TUGboat/tb41-1/tb127complete.pdf


होफर, ए./Höfer, A. (1981). *Tamang Ritual Texts I: Preliminary Studies in the Folk-Religion of an Ethnic Minority in Nepal (Beitrage Zur Sudasienforschung)*. Nomos Verlagsgesellschaft.

होल्मबर्ग, डेभिड./Holmberg, D. (1992). *Order in Paradox Myth, Ritual, and Exchange among Nepal's Tamang*. Cornell University Press.

## अनुसूची-२

## तामाङजातिको राजाको बारेमा १०२९ वर्ष अघि लेखिएको *ग्याल्पो पेच्या स्युग्सो* पुस्तक।

)ग्याल्पो पेच्या स्युग्सो पुस्तको आवरण पृष्ठ मुलपाठ र ,पुष्पिका वाक्य भएको पृष्ठः(



मिति २०१८ अगस्त ९ का दिन लामा गुरू खाओीबा तामाङज्यूको संरक्षण संग्रहमा रहेको यो तामाङजातिको *लाच्याङ ग्याल्बो च्युङनी* बाह्र लाच्याङका *ग्याल्पो पेच्या स्युग्सो* हस्तलिखित पुस्तकमा २० अलग हरूको एउटा(पुस्तक)अलग पेच्या-*छयेओीबुम* हो। २० *पेच्या* पुस्तकहरू मध्ये दुई पेच्याहरूको अन्तिममा पुस्पिका वाक्य रहेको पृष्ठमा पुस्तकको लेखकको नाम र लेखिएको मिति उल्लेख छ। यहाँ उल्लेखित मिति तामाङ तत्वीय सम्वत *ज्या ल्हो* ज्युङची प्रणालीको मिति तथा तत्कालीन तिब्बती राजकीय सम्वत *बोओीग्याल्हो* ११२० को १० औं महिना अंकमा उल्लेख रहेको छ। यो पेच्याको प्रारम्भिक अध्ययनले यो तामाङ लेखन ११२०-२१४९)= १०२९वर्ष ( -अघि भएको देखिन आएको छ*अजितमान तामाङ*।